# पूर्वखोला गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड :९ पूर्वखोला २०८२/०८/०४ संख्याः १

पूर्वखोला गाउँपालिकाको हेभी मेशिनरी औजार (Back Hoe Loader) सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८२

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०८/०४

**प्रस्तावना**

पूर्वखोला गाउँपालिकाको स्वामित्वमा रहेको हेभी मेशिनरी औजार (Back Hoe Loader) संचालन तथा व्यवस्थापन प्रक्रियालाइ नियमित तथा व्यवस्थित गर्न वाञ्छनीय भएकोले नेपालको संविधान धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम पूर्वखोला गाउँपालिका, गाउँ कार्यपालिकाले हेभी मेशिनरी औजार (Back Hoe Loader) सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८२ तर्जुमा गरी लागु गरेको छ।

परिच्छेद १

१. संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम "पूर्वखोला गाउँपालिकाको हेभी मेशिनरी औजार (Back Hoe Loader) सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८२" रहेको छ। यो निर्देशिका कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागू हुनेछ।

ख. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखी लागु हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

नुन बहादुर थापा
अध्यक्ष

क. "निर्देशिका" भन्नाले पूर्वखोला गाउँपालिकाको हेभी मेशिनरी औजार (Back Hoe Loader) सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८२ बुझ्नुपर्छ ।

ख. "गाउँपालिका" भन्नाले पूर्वखोला गाउँपालिका बुझ्नुपर्छ ।

ग. "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ बुझ्नुपर्छ ।

घ. Back Hoe Loader (व्याक हो लोडर) भन्नाले पूर्वखोला गाउँपालिकाको स्वामित्वमा रहको हेभी मेशिनरी औजार (डोजर) सम्झनुपर्दछ ।

ङ. "कोष" भन्नाले व्याकहो लोडर संचालन सम्वन्धी कारोवार गर्नको लागी स्थापना भएको कोष सम्झनु पर्दछ ।

च. समिति भन्नाले व्याक हो लोडर संचालन गर्न गठित समिति भनेर सम्झनु पर्दछ ।

छ. धरौटी भन्नाले कुनै काम नसकिए सम्म जमानत वापत राखिएको रकमलाई सम्झन पर्दछ ।

## परिच्छेद २

### निर्देशिकाको उद्देश्य

३. यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछः

क. गाउँपालिकाको स्वामित्वमा रहेको व्याकहो लोडर संचालन तथा व्यवस्थापनलाइ पारदर्शी ढंगवाट व्यवस्थित रूपमा संचालन गर्नु।

ख. गाउँपालिकाको स्वामित्वमा रहको व्याकहो लोडर संचालबाट समग्र पूर्वखोला गाउँपालिकाको विकास निर्माणको कार्यमा टेवा पुरयाउनु ।

ग. व्याकहो लोडर संचालन गरी गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्ने तथा जनतालाई अत्याधिक मात्रामा सेवा दिई गाउँपालिकाप्रति जनताको अपनत्व वृद्धि गर्नु।

घ. आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तीय कुशलता हासिल गर्न सघाउ पुर्‍याउनु ।

ङ. गाउँपालिकाको संस्थागत क्षमता विकास, आयोजना व्यवस्थापन र वित्तीय अनुशासन कायम गर्नु

च. अन्य मेशिनरी औजारलाई समेत कुशलतापूर्वक संचालन गरी दिर्घकालिन रुपमा प्रयोगमा ल्याउनु।

### ४. व्याकहो लोडर प्रयोगको क्षेत्र र प्राथमिकता क्रमः

क. व्याकहो लोडर दैवी प्रकोप, प्राकृतिक विपत्ति, फोहोरमैला व्यवस्थापन, विकास निर्माण मर्मत सम्भार सम्बन्धी कार्यमा बाहेक अन्य कार्यमा प्रयोग गरिने छैन ।



अध्यक्ष

ख. गाउँपालिकाको स्वामित्वमा रहेको व्याकहो लोडर प्रयोग उपलब्ध गराउँदा देहायको प्राथमिकता बमोजिम गरिने छः

अ)प्राकृतिक विपत्ती उद्वारको कार्यमा,

आ)गाउँपालिका अन्तर्गत तत्काल गर्नुपर्ने सडक मर्मतका कार्यहरू

इ)गाउँपालिकाबाट संचालन भएका विकासका आयोजनाहरुको कार्यमा,

ई)गाउँपालिका अन्तर्गत वडावाट सिफारिस भइ आएका उपभोक्ता समितिबाट कार्यान्वयन गरिएका विकास आयोजनाहरु मध्ये तत्काल गर्नुपर्ने भनी गाउँ कार्यपालिकाले निर्णय गरेका विकास कार्यमा ।

## परिच्छेद-३

## व्याकहो लोडर संचालन तथा व्यवस्थापन संचालन सम्वन्धी व्यवस्थाः

५. व्याकहो लोडर को सञ्चालनका लागि देहाय बमोजिम व्याकहो लोडर सञ्चालन समिति हुनेछ।

| | |
|---|---|
| प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| पूर्वाधार विकास समितिका संयोजक | सदस्य |
| पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| राजश्व प्रशासन शाखा प्रमुख | सदस्य - सचिव |

## ६. मेशिनरी औजार संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः

क. व्याकहो लोडर संचालन तथा व्यवस्थापनको लागी आवश्यक स्रोत तथा साधनको पहिचान तथा परिचालन गर्ने ।

ख. गाउँपालिका अन्तर्गत व्याकहो लोडरको उपयोगको कार्ययोजना वनाइ स्विकृत गर्ने ।

ग. व्याकहो लोडर उपभोक्ता समितिहरुलाई भाडामा उपलब्ध गराउन अनुसूची-२ को ढाँचामा निवेदनहरू सिफारिस गर्ने ।

घ. व्याकहो लोडर चालु अवस्थामा राख्न आवश्यकता अनुसार नियमित मर्मत सम्भार तथा जाँचको व्यवस्था मिलाउने ।

ङ. व्याकहो लोडर को मर्मत, सम्भार तथा नयाँ पाटपुर्जा थप गर्नुपर्नु भए सो सम्वन्धी निर्णय गर्ने ।

च. ब्याकहो लोडर संचालनको सम्पूर्ण अभिलेख राखे त्यसको निरन्तर अनुगमन गर्ने तथा संचालनको क्रममा दुरूपयोग भएको देखिएमा त्यसलाइ तत्काल रोक्ने र कारवाहीको लागी सिफारीस गर्ने ।

छ. संचालक समितिको वैठक आवश्यकता अनुसार बस्नेछ।

## परिच्छेद-४

### जनशक्ति व्यवस्थापन

७. संचालनका लागि जनशक्ति व्यवस्थापनः

क. ब्याकहो लोडर कार्यसंचालन गर्नका लागि एक जना मुख्य चालक र आवश्यकता हेरी एक जना सहचालकको व्यवस्था गरिनेछ ।

ख. मुख्य चालक र सहचालकको पारिश्रमिक तथा सेवा सुविधा कार्यापालिकाको वैठकबाट निर्णय भए बमोजिम करार सम्झौतावाट हुनेछ ।

ग. मुख्य चालक कम्तीमा आठ कक्षा उत्तीर्ण भई नेपाल सरकारले Back Hoe Loader Operator का लागि आवश्यक भनी तोकिएको सवारी चालक अनुमती पत्र प्राप्त गरेको हुनुपर्नेछ ।

घ. मुख्य चालकको पारिश्रमिक मासिक रु १८०००।- तथा काम गरेको प्रत्येक घण्टाको लागि प्रति घण्टा रु १००।- का दरले भत्ता कार्यालयले लगबुकका आधारमा उपलब्ध गराउनेछ ।

ङ सहचालक आवश्यकता अनुसार दैनिक ज्यालादारीमा राख्न सकिनेछ र निजलाई अदक्ष कामदारले दैनिक रुपमा पाए सरहको ज्याला लगबुकका आधारमा कार्यालयले उपलब्ध गराउनेछ ।

८. भाडा दर निर्धारणः

पूर्वखोला गाउँपालिकाले ब्याकहो लोडर को संचालनको भाडा दर प्रचलित जिल्ला दररेटलाइ आधार मानी राजश्व परामर्श समितिको सिफारीस तथा गाउँ सभाबाट स्विकृत भए बमोजिम हुनेछ ।

नुन बहादुर थापा
अध्यक्ष

परिच्छेद-५

व्याकहो लोडर संचालन सम्वन्धी व्यवस्थाः

## ९. व्याकहो लोडर भाडामा दिँदा अपनाउनुपर्ने निर्देशिकाः

क. गाउपालिकाको व्याकहो लोडर भाडामा लिन चाहने उपभोक्ता समितीले गाउँ सभाबाट स्वीकृत दररेटमा अग्रीम रुपमा सम्झौता वरावरको रकम लागत धरौटी स्वरुप गाउँपालिकाको खातामा नगदै जम्मा गरेको धरौटी रसिद वा सोहि वरावरको गाउँपालिकाको नाममा नगदै रसिद वा गाउँपालिकाले तोकिदिएको बैंकमा तोकिएको समय र रकम वरावरको कार्यालयको नाममा जारी गरेको बैंक जमानत सहित अनुसूची-१ बमोजिमको ढाँचामा गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ । तर, गाउँपालिका अन्तर्गतका उपभोक्ता समिति मार्फत योजनाहरुको कार्य गराउँदा अग्रिम रुपमा सम्झौता गराई मेशिन उपलब्ध गराउन सकिनेछ यसरी सम्झौता भइ गाउँपालिकाको व्याकहो -लोडर भाडामा प्रयोग गर्दा धरौटी रकम राख्नु पर्ने छैन

ग. यसरी निवेदन प्राप्त हुन आएमा समितिको बैठक बसी व्याकहो लोडर उपलब्ध गराउने सम्बन्धमा आवश्यक सिफारिस गर्नेछ । सिफारिस गर्दा जानु पर्ने दुरी, आउन जान लाग्ने अन्दाजी समय, संचालन गर्न माग गरेको समय र अन्य सम्बन्धित विषय खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ। सिफारिस र औचित्यताका आधारमा प्रमुख प्रशासकीय अधिकृतले भाडामा दिने सम्बन्धी अन्तिम निर्णय गर्नेछन् ।

घ. तोकिएको समयावधिको कार्य समय समाप्त भएपछिको भाडा रकम वापतको गाउँपालिकाले कट्टी गर्नुपर्ने रकमको नगदी रसिद कार्यालयले उपलब्ध गराउने छ ।

ङ. नगदै रकम जम्मा गरेको वा बैंकमा रहेको तोकिएको खातामा जम्मा गरेको धरौटी रकम तोकिएको समयावधि भन्दा कम काम भए कार्यालयले कामको परिमाण अनुसारको रकम कट्टा गरी बाँकी रकम फिर्ता गर्नेछ ।

च. धरौटीवापत जम्मा भएको रकमले खामे भन्दा बढी समय गाउँपालिका व्याकहो लोडर संचालन कार्य प्रकृया अगाडी बढाउन बाध्य हुनेछैन । तर कार्यालयमा आई वा कार्यालयको प्रतिनिधिलाई

धरौटी वापत थप रकम बुझाएमा कार्य सुचारु गर्न सकिने छ । सो कुराको जानकारी कुनैपनि संचारको माध्यमबाट तुरुन्त कार्यालयलाई जानकारी गराउनु पर्ने छ ।

छ. कार्यालयको अनुमती नलिई चालकले कार्य प्रकृया अगाडि बढाएमा चालकबाटै सरकारी बाँकी सरह असुल उपर गरी चालकलाई विभागीय कारवाही गरिनेछ ।

ज. व्याकहो लोडर भाडामा लिन चाहने उपभोक्ता समितीले भाडमा लिँदा गाउँपालिकाको कार्यालय वा मेशिनरी औजार रहेकै स्थानबाट भाडादरको समय गणना गरिने छ।

ञ. चालकले प्रत्येक घण्टाको अनुसुची ३ बमोजिमको ढाँचामा दैनिक लगबुक तयार गर्नुपर्ने छ । कार्य स्थलमा काम गर्दा बढी काम गरी कम काम देखाई वा तोकिएको सम्झौता भन्दा बढी काम गरी कुनै तरिकाले कुनै कर्मचारी तथा पदाधिकारीले यस कार्यविधीको भावना र मर्म विपरित हुने गरी प्रलोभन, मोलाहिजा, भनसुन तथा कसैको डर, धम्की धाकमा परी कसैलाई संचालन गर्न दिए उल्लेखित कार्यलाई गम्भिर अपराध मानी प्रचलित कानून बमोजिम निजलाई कारवाही गरिनेछ ।

ट. गाउँपालिकाले व्याकहो लोडरको अनिवार्य रुपमा विमा गराउनु पर्नेछ ।

## परिच्छेद-६

## मेशिनरी औजार सञ्चालन कोष

१०.मेशिनरी औजार सञ्चालन कोष

गाउँपालिकाको व्याकहो लोडर को वित्तिय व्यवस्थापन गर्नकोलागी गाउँपालिकामा मेशिनरी औजार संचालन कोष रहने छ । यस कोषमा मेशिनरी औजार भाडामा दिँदा प्राप्त भएको रकम जम्मा गरिने छ । उक्त कोषबाट तपसिल बमोजिमका शीर्षकहरुमा बाहेक अन्य शीर्षकमा कुनै रकम खर्च गरिनेछैन।

चालक र सहयोगीलाई दिइने तोकिए अनुसारको तलव भत्ता रकम ।

इन्धन खर्च ।

मेशिनरी औजार उपकरण, पाटपूर्जाको मर्मत तथा खरिद खर्च ।

मेशिन संचालन गरेवापत नेपाल सरकारलाई तिर्नुपर्ने कर रकम ।

मेशिनरी औजार सञ्चालन समितिको बैठक बस्दा भएको बैठक भत्ता र खाना/खाजा वापत खर्च हुने रकम ।

गाउँ कार्यपालिका बैठकले निर्णय गरे अनुसारको शीर्षकहरुमा खर्च हुने रकम ।

मेशिन संचालन गर्दा आईपर्ने विविध तथा भैपरी खर्च ।

गाउँ कार्यपालिकाले तोके बमोजिमको अन्य कार्यहरु ।

११.सम्पर्क शाखाः

गाउँपालिका अन्तर्गत व्याकहो लोडरको संचालन तथा व्यवस्थापन सम्पर्क शाखाको रूपमा काम पूर्वाधार शाखा र राजश्व शाखाले गर्नेछ।

१२. नियमको पालनाः

गाउँपालिकाले यस कार्यविधीको प्रावधानहरुको अतिरिक्त बजेट अख्तियारीमा तोकिएका शर्तहरु, मन्त्रालयबाट गरिएका परिपत्र एवं निर्देशन र निर्देशिकामा उल्लेखित प्रावधानहरुको समेत पालना गर्नु गराउनु पर्नेछ ।

१३. संशोधन, खारेजी र बचाउः

क. यस निर्देशिकामा उल्लेखित बाहेक केही कुराहरु छुट हुन गएमा वा कुनै कुरा थपघट गर्न वा हटाउन वा परिमार्जन गर्न परेमा सम्बन्धित ऐन नियमको परिधिभित्र रही संसोधन गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

ख. यस निर्देशिकामा उल्लेख गरिएका कुराहरुका हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

ग. यस निर्देशिकाको कुनै प्रावधानहरु प्रचलित कानून एवं ऐन नियमावलीसँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

नुन बहादुर थापा
अध्यक्ष

## अनुसुची-१

मितिः

श्रीमान् संयोजक ज्यू, व्याकहो लोडर सञ्चालन समिति

पूर्वखोला  गाउँपालिका, पूर्वखोला पाल्पा।

विषयः-....................................... भाडामा उपलब्ध गराई पाउँ ।

महोदय,

तपसिल बमोजिमको कार्य, स्थान र समयावधिका लागि यस गाउँपालिकाको.......................................
भाडामा उपलब्ध गराउन सिफारिस गरिदिनुहुन अनुरोध गर्दछु ।

तपसिल

कामको विवरण....................

कार्यस्थलमा पुग्न लाग्ने अनुमानित समय..........................

काम गर्न लाग्ने अनुमानित समय..............

निवेदकको

नामथरः

ठेगाना

दस्तखतः

अनुसूची-२

## व्याकहो लोडर संचालन समितिबाट गरिएको सिफारिस

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

पूर्वखोला गाउँपालिका पूर्वखोला पाल्पा ।

प्राप्त निवेदन उपर छलफल गर्दा निम्नानुसार पाइएकोले ............................ भाडामा उपलब्ध गराउन सिफारिस गर्दछौं ।

कार्यविधीको मापदण्ड अनुसार बुझाएको ................ (पर्ने/नपर्ने)

कार्य संचालन गर्न लाग्ने समय...........................

बुझाएको रकम विवरण रु....... को ............................रोलक्रम अनुसार उपलब्ध गराउन सकिने मिति...........................

समय............................

संयोजकको दस्तखतः

सदस्यको दस्तखतः

सदस्य सचिवको दस्तखतः

मितिः....................

अनुसूचि - ३

## पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय

## व्याकहो लोडर कार्यसंचालन सम्झौता पत्र

पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय (यस पछि पहिलो पक्ष भनिएको) र योजना / काम सम्पादन गर्ने उपभोक्ता समूह / व्यक्ति/संस्था (यस पछि दोश्रो पक्ष भनिएको) का बीच यस कार्यालयको ब्याकहो लोडर देहायको सर्त तथा बन्देजको अधिनमा रही भाडामा संचालन गर्न गराउन यो सम्झौता गरिएको छ ।

१ आयोजनाको विवरण

१.१ आयोजनाको नामः

१.२ आयोजनाको स्थलः

१.२.१ गाउँपालिकाको नामः

१.२.२ वडा नं.

१.२.३ स्थानः

२.३ आयोजनाको कुल लागतः

लागत व्यहोर्ने श्रोत तथा रकमः

२.३.१

२.३.२

जम्माः

३. ब्याकहो लोडर संचालन समितिबाट स्वीकृत भएको मितिः

४ ब्याकहो लोडर संचालन गर्ने विवरणः

४.१ व्याकहो लोडर संचालन गर्ने कार्य दिनः

४.२ ब्याकहो लोडर संचालन गर्ने कार्य अवधिः मिति................................ देखि................................ सम्म

५ व्याकहो लोडर संचालनका लागि प्राप्त धरौटी रकम रु.... मितिः.....................

६ सम्झौतापत्रका शर्तहरुः

६.१ दोश्रो पक्षले यस सम्झौता पत्रमा तोकिएको आयोजनामा मात्र तोकिएको कार्य दिनको लागि ब्याकहो लोडर उपयोग गर्नु पर्नेछ ।

६.२ ब्याकहो लोडर र यसमा संलग्न अपरेटर र हेल्परको सुरक्षाको प्रबन्ध सम्बन्धित उपभोक्ता समितिले गर्नु पर्नेछ ।

६.३ ब्याकहोलोडर संचालन अवधिमा लाग्ने डिजल, मोविल, ग्रिज आदि ईन्धन खर्च (योजना स्थलमा ल्याउन लैजान समेत) को व्यवस्था सम्बन्धित उपभोक्ता समिति वा संस्थाले गर्नुपर्नेछ ।

६.४ गाउँपालिकाको कार्यालय वा व्याकहो लोडर रहेको स्थानबाट योजना स्थलसम्म ढुवानी गरी लग्नु परेमा सो वापत लाग्ने ढुवानी खर्च सम्बन्धित उपभोक्ता समिति वा संस्थाले आफैले व्यहोर्नु पर्नेछ ।

६.५ ब्याकहो लोडर अपरेटरले लोडर संचालन गर्दा भरेको लगबुकमा दोश्रो पक्ष समेतले प्रमाणित गर्नुपर्नेछ।

६.६ व्याकहो लोडर संचालन वा उपयोग सम्बन्धी कार्यको अनुगमन तथा सुपरिबेक्षण संचालन तथा व्यवस्थापन समितिले गराउन सक्नेछ ।

६.७ व्याकहो लोडर संचालन दुरुपयोग भएमा वा कुनै विवाद सिर्जना भई संचालन गर्न सक्ने स्थिति नभएमा वा ब्याकहो लोडरे संचालनमा संलग्न कर्मचारीको सुरक्षा बारे समस्या देखिएमा ब्याकहो लोडर संचालन तथा व्यवस्थापन समितिले तत्काल ब्याकहो लोडर फिर्ता बोलाउन सक्नेछ। यस्तो अवस्थामा सम्बन्धित उपभोक्ता समिति वा संस्थाले समेत ब्याकहो लोडर फिर्ता गराउनु पर्नेछ ।

६.८ पहिलो र दोश्रो पक्षबचि विवाद भएमा पहिलो पक्षले जुनसुकै वेला व्याकहो लोडर फिर्ता बोलाउन सक्नेछ ।

६.९ यान्त्रिक कारण वा भवितव्य परि काबु बाहिरको परिस्थितिमा हेभी मेशिनरी औजार

नचलेमा अपरेटर तथा सम्बन्धित उपभोक्ता, संस्था वा फर्मले प्रमाणित गरी तत्कालै कार्यालयमा जानकारी गराई प्रमाणित गरी राख्नुपर्नेछ । ।

६.१० अन्य कुराको हकमा ब्याक्होलोडर संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ बमोजिम हुनेछ

६.११ दोश्रो पक्षले ब्याकहो लोडर भाडामा लगेको समयमा उनीहरु बीचको आपसी विवाद, स्थानीयको अवरोधका कारण व्याकहो लोडर संचलन हुन नसकी त्यसै बसेमा दोश्रो पक्षले प्रति दिन रु.६८०० का दरले जरिवाना तिर्नु पर्नेछ ।

६.१२ ब्याकहो लोडर प्रयोग गरे वापत दोश्रो पक्षले पहिलो पक्षलाई प्रतिघण्टा रु. २००० तथा प्रमुख चालकको प्रतिघण्टा रु.१५०।- तथा सहचालकको प्रति घण्टा रु ५०।- का दरले भाडा र भत्ता उपलब्ध गराउने छ ।



अध्यक्ष

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

उपरोक्त बमोजिम गर्न हामी निम्न पक्षहरु मंजुर गर्दछौं।

| | |
|---|---|
| ब्याकहो लोडर संचालन तथा व्यवस्थापन | |
| वा संस्थाको | उपभोक्ता समिति |
| समितिको तर्फबाट | तर्फबाट |
| नामः | नामः |
| पदः सदस्य सचिव | दर्जाः |
| हस्ताक्षर | हस्ताक्षर |
| कार्यालयको छाप | संस्था वा उपभोक्ता |
| समितिको छाप | |
| मितिः | |
| मितिः | |

साक्षी

१.

२.

नुन बहादुर थापा
अध्यक्ष

अनुसूची-४

## पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा

## व्याक्हो लोडर प्रयोग सम्बन्धि लगबुक

योजनाको नामः

उपभोक्ता समिति वा संस्थाको नामः

आयोजना स्थल (गाउँपालिका वडा समेत):

सम्झौता अवधिः मिति..................देखि मिति........................सम्म

| क.सं. | प्रयोग भएको मिति | समय | | | इन्धन तथा अन्य लुब्रिकेन्टस खपत विवरण | | | | सम्झौता अवधिमा प्रयोग हुन नसकेको भए प्रयोग हुन नसक्नुको कारण | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | जम्मा कार्य दिन | डिजल | मोबिल | ग्रिज | अन्य | | |
| | | | | | | | | | | |

गाउँ कार्यपालिकाबाट पारित मितिः२०८२/०८/०४

प्रकाशित मितिः२०८२/०८/०४

**आज्ञाले**

**राजु नेपाल**

**प्रमुख प्रशासकीय अधिकृत**